**नेपाल सरकार**

**खानेपानी मन्त्रालय, काठमाण्डौ**

**स्टेसनरी तथा अन्य आवश्यक सामान आपूर्ति गर्ने सम्वन्धी**

**सिलवन्दी दरभाउपत्र आह्वानको सूचना**

**ठेक्का नं. MOWS/01/080/81**

**प्रथम पटक प्रकाशित मितिः २०८०।०५।०५**

१. यस मन्त्रालयका लागि आ.ब. २०८०।८१ मा स्टेशनरी तथा अन्य आवश्यक सामान सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले योग्य, ईच्छुक फर्म, सस्थाहरुवाट निम्न शर्तका अधिनमा रही सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

२. .सिलवन्दी दरभाउपत्रदाताको ग्राह्यता (इलिजिबिलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न सिलवन्दी दरभाउ पत्रदाताले सिलवन्दी दरभाउपत्रकासाथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि

ख) व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि

ग) मू.अ.क.दर्ता प्रमाणपत्र र पान (PAN) प्रमाणपत्रको प्रतिलिपि

घ) सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी

ङ) आ.व. २०७९।०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. सिलवन्दी दरभाउपत्र फाराम प्रत्येकको रु. १,०००।- (फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८०।०५।२० गते) सम्म एभरेष्ट बैंक लिमिटेडमा यस मन्त्रालयको कोड नं.३१३००३५०१ खाता नं. ००१००१०६२००००० राजस्व शिर्षक नं. १४२२९ मा दाखिला गरी कार्यालय समय भित्र खरिद गरी मिति २०८०।०५।२१ गते १२.०० बजेभित्र सिलवन्दी गरी यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सो दिन विदा परेमा उक्त कार्य कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. .सिलवन्दी दरभाउपत्रमा आइटमवाइज दर रेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट गरेको ठाउमा दरभाउपत्रदाताले दस्तखत गरेको हुनुपर्नेछ ।

५. सिलवन्दी दरभाउपत्रको मान्य अवधि दाखिला गर्ने अन्तिम मिति (२०८०।०५।२१) बाट ४५ दिन हुनेछ । दरभाउपत्रसाथ रु.४५,०००।-(अक्षेरुपी पैतालिस हजारमात्र) बराबरको कम्तिमा ७५ दिन बढी अवधिको मान्यता प्राप्त क बर्गको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको शर्तरहित बैंक ग्यारेण्टीको सक्कलप्रति पेश गर्नुपर्नेछ । नगद जमानतका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौ भुक्तानी नं ४ को नाममा रहेको एभरेष्ट बैंक, लिमिटेड सिहंदरबारस्थित धरौटी खाता नं. १३५००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६. सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन (मिति २०८०।०५।२१गते दिनको १२.००बजे भित्र) .पेश हुन आएका सिलवन्दी दरभाउपत्रहरु सोही दिन २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट सोही समयमा गरिने छ ।

७. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

८. दरभाउपत्रमा उल्लेखित सामानको परिमाण आवश्यकता अनुसार थपघट भएमा पनि आपूतिकर्ताले स्वीकार गर्नु पर्नेछ ।
९. .सूचनाको दफा २ बमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको एवं स्पेसिफिकेशन बमोजिम नभएको दरभाउपत्र उपर कारवाही हुने छैन ।
१०. .दरभाउपत्र दाखिला गर्नु अघि सोमा उल्लिखित शर्तहरु, परिमाण र अन्य कुराहरु राम्ररी अध्ययन, अवलोकन गरी दरभाउपत्र भर्न र पेश गर्न अनुरोध गरिन्छ । दरभाउपत्रमा उल्लिखित कुनै कुरा स्पष्ट नभएमा यस कार्यालयमा कार्यालय समयभित्र फोन नं ०१४२११२९८ मा सम्पर्क राख्न सकिने छ ।
११. .दरभाउपत्रदाताले कबुल गरेको दर परिवर्तन गर्ने सम्बन्धमा कुनै शर्त राख्न पाइने छैन । दरभाउपत्रदाताले संलग्न परिमाण मूल्य पत्र (Bill of Quantity) मा उल्लिखित प्रत्येक महलमा स्पष्ट रुपमा भर्नुपर्नेछ ।
१२. .दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा हुनेछ ।
१३. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।
१४. यो सूचनामा उल्लेख हुन छुट भएका बिषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।
१५. दरभाउपत्र सम्पूर्ण वा आंशिक रुपमा पनि स्वीकृत गर्न सकिनेछ ।

यो सूचना यस कार्यालयको वेभसाईट www.mows.gov.np. मा समेत हेर्न सकिनेछ । थप जानकारीको लागि कार्यालय समय भित्र आन्तरिक व्यवस्थापन शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।